# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३


सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा २०७३

पत्र संख्या : ०८३/८४
सूचना नं.: १0

## एकीकृत सेवा शिविर सञ्चालन सम्बन्धी सूचना।

(प्रकाशित मिति: २०८३/०५/०२/ने.सं. ११४६ गुँलाध्व, ६ मंगलवार)

सिद्धिचरण नगरपालिकामा स्थायी ठेगाना भई हाल विभिन्न कारणले काठमाडौं, भक्तपुर र ललितपुर तथा आसपासका क्षेत्रमा बसोबास गर्दै आउनुभएका सम्पूर्ण नगरवासी नागरिकहरूलाई लक्षित गरी सिद्धिचरण नगरपालिका तथा अन्तर्गतका १२ वटै वडा कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू उपलब्ध गराउने उद्देश्यले तपसिलको मिति, समय र स्थानमा एकीकृत रुपमा शिविर सञ्चालन गरिने भएको हुँदा आवश्यक कागजात सहित शिविरमा उपस्थित भई सेवा लिनुहुन सम्बन्धित सम्पूर्ण नगरवासीहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

**शिविरबाट प्रवाह हुने सेवाहरु:**

| सि.नं. | सेवाहरु | कैफियत |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ताको विवरण दर्ता तथा नवीकरण | |
| २ | राष्ट्रिय परिचयपत्र वितरण | |
| ३ | मालपोत तथा भूमिकर संकलन | |
| ४ | **व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य:** (जन्म, मृत्यु, बसाईंसराइ, विवाह तथा सम्बन्ध विच्छेद सम्बन्धी कार्य) | |
| ५ | वडा कार्यालयबाट प्रदान गरिने सिफारिस सम्बन्धी कार्यहरु | |

**शिविर सञ्चालन हुने:**

- मिति: २०८३ भाद्र १६ र १७ गते,
- समय: बिहान ८:०० बजेदेखि बेलुका ५:०० बजेसम्म,
- स्थान: नवदुर्गा पाटी प्यालेस, सुकेधारा, काठमाडौं।

**थप जानकारीको लागि:**

एम.आइ.एस. अपरेटर श्री तारा राई,सम्पर्क नं. ९८६२८०५९२४ र सम्बन्धित वडाको वडाध्यक्ष तथा वडा सचिवलाई सम्पर्क गर्न सकिनेछ।

२०८३/५/२

भीष्मराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

E-mail: siddhicharanmunicipality@gmail.com Website: https://www.siddhicharanmun.gov.np